# चौविसे गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# राजारानी , धनकुटा

## चौविसे गाउँपालिकाको आ व २०७६/७७ को वार्षिक वजेट नीति तथा कार्यक्रम

१. ऐतिहासिक तथा यसगरिमामय सभाका गाउँ सभा अध्यक्षज्यू, गाउँ सभा सदस्यज्यूहरु, राष्ट्र सेवक कर्मचारी मित्रहरु यस चौविसे  गाउँपालिकाको  गाउँ सभाको वैठकमा यस गाउँपालिकाको तर्फबाट तथा मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

२. नेपालको संविधान २०७२ को कार्यान्वयनसंगै स्थानीय तहको ऐतिहासिक निर्वाचनवाट जन प्रतिनिधीहरु निर्वाचित  भएर आएपछि यस चौविसे  गाउँपालिकाको ऐतिहासिक गाउँ सभामा तेस्रो वर्ष  वजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव अनुभूति भएको छ । यस अवसरमा राजनीतिक तथा सामाजिक आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्ने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रदान्जली व्यक्त गरी श्रद्धासुमन चढाउन चाहान्छु । चौविसे  गाउँपालिकामा क्रियाशिल राजनैतिक  दलका पदाधिकारीज्यूहरु,पूर्व जनप्रतीनिधीज्यूहरु, समाजसेवी, वुद्धिजीवि, समाजका अगुवा व्यक्तिहरुजसले यस गाउँपालिकाको  विभिन्न विकास निर्माणका कार्य र योजनाको क्षेत्रमा पूर्याउनु भएको सकरात्मक  योगदान प्रति हार्दिक धन्यवाद दिन चाहान्छु । साथै यस क्षेत्रको विकास निर्माणका साथै विभिन्न क्षेत्रमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा भूमिका खेल्नु हुने तपाई  आम चौविसे  गाउँवासी जन समुदायहरुमा हार्दिक  आभार व्यक्त गर्न चाहान्छु ।  यस गाउँपालिका सञ्चालनमा हामी जनप्रतिनिधीहरुलाई सहयोग गर्नु हुने यस गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

३. नेपालको  इतिहासको विकास क्रममा  धेरै प्रकारका राजनैतिक सिद्धान्तहरुको प्रयोग तथा अभ्यासको अनुभव  र सिकाईबाट वर्तमानमा पुनः नयाँ संविधान र त्यस अनुरुपको राजनैतिक व्यवस्था र अन्य समुह अघि वढ्ने क्रममा हामी स्थानीय तह चौविसे  गाउँपालिकाको यस सभाबाट नयाँ नीति, कार्यक्रम र लक्ष्य सहित आर्थिक विद्येयक प्रस्तुत गरी आ . व.  २०७६/०७७ को लागी विनियोजन  विद्येयक पारित गर्न गई रहेका छौं । तसर्थ, यस सभामा उपस्थित सम्पुर्ण गाउँसभा सदस्य ज्यूहरुले चौविसे

गाउँपालिकाको सुशासन, आर्थिक सम्वृद्धी, न्यायपुर्ण लैङ्गिक समानता , समावेसीकरण , सन्तुलित र दिगो पूर्वाधार विकास सहित रचनात्मक सहयोग पुर्याउने आशा एवं विश्वासका साथ आ . व. २०७६/०७७ को वजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

आदरणीय **गाउँसभा** अध्यक्षज्यू तथा **सदस्यज्यूहरु ,**

,अव म यस गाउँपालिकाको विद्यमान अवस्थाको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु

## १ विद्यमान अवस्थाको समिक्षाः-

- नेपालको संविधानको तथा स्थानीय सरकार सञ्चालन ऐन वमोजिम स्थानीय सरकारको गठन भएको हुँदा कार्य सम्पादन प्रक्रियामा सहजता भएको छ
- निर्वाचित भएर जनप्रतिनिधिहरु आउदा विकासले गति लिएको अनुभूति नागरिकले गर्न थालेका छन् ।
- विकासका दृष्टिकोणले अत्यन्त पछाडि रहेको यस चौविसे गाउँपालिकामा विकासका केहि पुर्वाधारहरु वन्न थालेका छन् ।
- योजना निर्माणमा स्थानीय आवश्यकता , राष्ट्रिय लक्ष्य र उद्धेश्य अनुरुप प्राथमिकीकरण गर्नेप्रयास हुन थालेको छ ।
- भौतिक पुर्वाधार निर्माण , सडक सञ्जालको गुरुयोजना र मापदण्ड निर्माण कार्य भएको छ ।

## २ सबल पक्ष :-

- यस गाउँ पालिकालाई पर्यटकीय हवको रुपमा विकास गर्न सकिने ठूलो सम्भावना रहेको छ ।
- व्यवसायिक तरकारी खेती विकास गर्न सकिने ठूलो सम्भावना रहेको छ ।

- स साना सहरहरुलाई व्यवस्थित सहरीकरण गर्न सकिने सम्भावना रहेको छ ।
- सडक यातायात तथा ढल निकासका ठूला कार्यहरुलाई प्राथकमिकता निर्धारण गरी विकास गर्न सकिने सम्भावना रहेको छ

३ **दुर्वल पक्ष**:-

- शैक्षिक अवस्था कम्जोर रहेको छ ।
- खानेपानीको हाहाकार अवस्था रहेको छ ।
- भौगोलिक विकटता रहेको छ ।
- कृषिमा सिचाईको पहुँच सवै भूमीमा नभएको अवस्था छ ।
- पूर्वाधारहरुको विकासको अवस्था वस्ती स्तर सम्म पुग्न सकेको छैन ।
- आन्तरिक आम्दानीको श्रोत कम्जोर रहेको छ ।
- गरिवीको रेखा मुनीको सङ्ख्या वढी रहेको छ ।
- स्थानीय सम्भाव्यताको विषयमा कुनै खोजी तथा अध्ययनको हुन सकेको छैन ।
- सुविधा सम्पन्न स्वास्थ्य सेवा दिने अस्पतालको कमी रहेको छ ।

४ **अवसर**:-

- स्थानीय तहमा आफ्नै सरकार वनेको छ ।
- विकास निर्माणका लागि केन्द्रीय वजेटको भोलुम वढेको छ ।
- स्थानीय तह निर्माण पश्चात, नयाँ सोच, अधिकार र दायित्व सहितको निर्वाचित प्रतिनिधी वहालि भएका छन् ।
- गाउँवासीहरुमा नयाँ आशा अपेक्षा र जागरुकता वृद्धी भएको अवस्था छ ।

- विकास निर्माणमा महिला, युवा, संघ संस्था र टोल समितिहरुको समुह क्रियाशिल र सहभागी हुन अग्रसर रहेका छन् ।

५. **चूनौतीहरुः-**

- नेपालको संविधानको मर्म तथा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ठ गरे वमोजिमको स्थानीय ऐन तथा कार्यविधिहरुको अस्पष्टताले प्रशासनिक तथा कार्यगत जटिलता सिर्जना भएको छ ।
- दरवन्दी अनुरुप कर्मचारी संख्या तथा कर्मचारी अभाव रहेको छ ।
- गाउँवासीहरुमा विकास प्रतिको दायित्व वोध र अपनत्व विकास गर्नु पर्ने जिम्मेवारी रहेको छ ।

**६ वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धतिः-**

- गाउँ कार्यपालिकाको वैठकवाट वजेट सिलिङ निर्धारण तथा मार्ग दर्शन हरेक वडा कार्यालयहरुमा पठाईएको
- वडा समितिको वैठक तथा वडा भेला
- वडा समितिको वैठक
- प्राथमिकताको छनौट
- विभिन्न समुह र वडा स्तरीय समुदायहरुसँग छलफल अन्तरक्रिया गरी सुझाव संकलन।
- भूतपूर्व जनप्रतनिधि राजनीतिक दल, समाजसेवी वुद्धिजीवि तथा अगुवा नागरिकहरुको रायसुझाव ।
- विषयगत समितिमा छलफल पारित
- गाउँ कार्यपालिकाको वैठकमा छलफल पारित
- गाउँसभामा प्रस्तुत

**७. आयोजना प्राथमिकिकरणका आधारहरुः-**

- दैनिक आवश्यकताका समस्या समाधानमा प्राथमिकता दिईने ।
- पारदर्शी प्रशासन जनतालाई शुसासनको अनुभूति दिइने ।
- सामाजिक, आर्थिक, गरिवी निवारण, रोजगारी मुलक र प्रविधि प्रयोग गर्ने आयोजनाको छनोट
- सार्वजनीक सेवा प्रवाह, गाउँपालिकाको संस्थागत विकास र असल शासनमा योगदान पुर्याउने
- दिगो पूर्वाधार विकास गर्ने आयोजना ।
- राजस्व परिचालनमा योगदान पुर्याउने ।
- मौलिक संस्कृती तथा रहनसहनको संरक्षण र गाउँको सौन्दर्य प्रवर्द्धन गर्ने ।
- लैङ्गिक असमानता कम गरी समावेसी शासन कायम गर्ने।
- वालवालिका, वृद्ध , असहाय , विपन्न र पछौटेपन कम गर्ने ।
- शिक्षा, स्वास्थ्य, खेलकुद क्षेत्रका विकास गर्ने
- सामाजिक सुरक्षा र दिगो शान्ति कायम गर्ने

**१ लक्ष्य**

- गाउँपालिकालाई तरकारी, खाद्य उत्पादन, फलफूल तथा नगदेवाली, मासु, दूधको उत्पादन वढाउन पकेट क्षेत्र घोषणा गरी विकास गर्ने ।
- गाउँपालिकामा आधारभूत पूर्वाधारको विकास गर्ने ।
- गाउँपालिकामा लगानी मैत्री वातावरणको सृजनाद्वारा कृषि, उद्योग तथा व्यापार/व्यवसाय र पर्यटन प्रवर्द्धन गर्ने ।

- गाउँपालिकामा शिक्षा, स्वास्थ्य, रोजगारीको विकासका लागि उपयुक्त वातावरण निर्माण गर्दै उत्पीडित, असहाय, गरीब, बालबालिका, अशक्त, वृद्धवृद्धाहरुको हक अधिकार र सहभागिता सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने ।
- वातावरण संरक्षण र सम्बर्धन गर्दै स्वच्छ, सफा, हराभरा र सुरक्षित शहर निर्माण गर्न पूर्वाधार तथा भवनहरुको निर्माण कार्य प्रचलित निर्माण संहिता अनुसार गर्ने/गराउने ।
- गाउँपालिका र वडा कार्यालयहरुको आन्तरिक क्षमता अभिवृद्धि गर्दै सेवा सुविधालाई प्रभावकारी एवं सर्वसुलभ बनाई जनउत्तरदायी स्थानीय सरकारको प्रत्याभुत गर्ने ।
- प्राथमिक तहमा सत प्रतिसत वालवालिका  विद्यालय भर्ना गर्ने ।

**२ उद्देश्यः-**

- असल शासन, पारदर्शी प्रशासन निर्माण गर्ने ।
- कृषि तथा पशु पकेट क्षेत्र घोषणा गर्ने
- विभिन्न कारणले राज्यवाट पछाडि पारिएको वर्ग, लैङ्गिक समानता, न्यायपूर्ण, समावेशी र लोकतान्त्रिक संस्कारको विकास गर्ने ।
- दिगो पुर्वाधारको विकास र ग्रामिण सडक यातायात विस्तार गर्ने।
- गाउँको मौलिक संस्कृती परम्परा र पहिचान, इतिहास, प्राकिर्तिक सुन्दरता चिनारीको विकास र प्रवर्द्धन गर्दै पर्यटन विकास गर्ने ।
- खेलकुदको माध्यवाट युवा वर्गलाई अनुशासित र लगनशिल वनाई व्यवसायिकताको विकास गर्ने ।
- सिप तालिम उद्यमशीलता, रोजगार, आय आर्जन आर्थिक विकासका गतिविधि वृद्धि गरि समृद्दी तर्फ अग्रसर गराउने ।
- शिक्षित र सीपयुक्त जनशक्ती उत्पादन गर्ने ।

**उपस्थित गाउँसभा** अध्यक्षज्यू तथा **सदस्यज्यूहरु ,**

आ.व. ०७६/७७ को वजेट तर्जुमा गर्दा देहायका विषयहरुलाई प्रमुख नीतिगत मार्गदर्शनको रुपमा अवलम्बन गरिएको छ ।

- नेपालको संविधान, २०७२ ले निर्देशित गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्वन्धी विषय तथा प्राथमिकताहरु ।
- नेपालको संविधान, २०७२ को अनुसुची ८ तथा ९ ले स्थानीय तहको लागि तोकेको राजस्व परिचालन सम्वन्धी खाका, खर्च जिम्मेबारीको क्षेत्र, अन्तरसरकारी हस्तान्तरणको विषय तथा स्थानीय तहको ऋण संरचनाको स्वरुप ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ठ गरेका विषयहरु
- यस गाउँपालिकाको प्रमुखको रुपमा जनतासँग मत माग्दा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समय समयमा जनतासँग गरेका वचनवद्धताहरु ।
- आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्यहरु साथै दिगो विकासको रणनीतिले अवलम्बन गरेका तथ्य, सुचकांक एवं प्राथमिकताहरु ।
- नेपाल सरकार, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, स्थानीय विकास तथा सामान्य प्रशासन मन्त्रालय, वजेट सिलिङ, मार्गदर्शन एवम् निर्देशनहरु तथा सुझावहरु ।
- गाउँबासीहरुको माग, राय तथा सुझाव ।

आदरणीय गाउँसभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु ,

अव म यस गाउँपालिकाले आगामी आ व मा अवलम्वन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु

## क्षेत्रगत नीतिहरु

### क आर्थिक विकास योजना

### १.कृषि विकास

- गाउँपालिकाले कृषि तथा पशु पकेट क्षेत्र निर्धारण गरी वाली विशिष्टीकरण गरिने छ ।

- गाउँपालिकाको पायक पर्ने स्थानमा कृषि उपज संकलन केन्द्र तथा चिस्यान केन्द्रको स्थापना गरिने छ ।
- कृषि तालिम, सेमिनार, गोष्ठी संचालन गरिने छ ।
- उत्कृष्ट कृषक सम्मान कार्यक्रम संचालन गरिने छ ।
- विउ बिजन तथा विरुवा वितरण कार्यक्रम संचालन गरिने छ ।
- विशेष कृषि उत्पादन कार्यक्रम संचालन गरिने छ ।
- अर्गानिक खेतिका लागि प्रोत्साहन गर्ने कार्यक्रम ल्याउइने छ ।
- माछा तथा मौरी हुने स्थानहरुको पहिचान गरी व्यवसायिक गर्न पहल गरिने छ
- कृषि उपज सामग्रीको वजारीकरणका लागि क्षेत्र विशेष ढुवानी अनुदान कार्यक्रम सञ्चालन गरिने छ
- वगर क्षेत्रहरुको पहिचान गरी वगर खेति कार्यक्रमहरु सञ्चालन गरिने छ
- सुख्खा ग्रस्त क्षेत्रमा विशेष गरि वर्षातको समयमा आकासको पानी संकलन गर्न प्लास्टिक पोखरी निर्माण तथा हिलट्याङ्की वितरण गरिने छ
- रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै प्राङ्गारिक मललाई प्रोत्साहन गरिने छ ।
- वेमौसमी खेतिलाई प्रोत्साहन गरिने छ ।
- निर्वाहमुखी कृषिलाई व्यवसायिकता तर्फ लगिदै गईने छ ।
- सुख्खा क्षेत्र प्याकेज कार्यक्रम सञ्चालन गरिने छ ।
- थोपा सिंचाई कार्यक्रम सञ्चालन गरिने छ ।
- पशु विमा कार्यक्रम सञ्चालनका लागि सम्वन्धित पक्षसंग समन्वय गरिने छ ।

## २. पर्यटन विकास

- गाउँपालिका क्षेत्र भित्र रहेका ताल तलैया सिमसारहरुको संरक्षण र प्रवर्द्धन गर्दै पर्यटन पुर्वाधार विकास गरिने छ
- रानी ताल तथा धप्पड तालको व्यवस्थापनमा आवश्यक वजेट व्यवस्था गरिने छ ।
- पर्यटन सूचना केन्द्रको स्थापना गरिने छ ।
- पर्यटकिय क्षेत्रलाई संरक्षण गरी पर्यटन पूर्वाधारहरुको विकास गरिने छ ।
- स्थानीय मठ, मन्दिर, धार्मिक तथा ऐतिहासिक स्थलहरुको पहिचान गरी संरक्षण र जीर्णोद्दार तथा सम्भव भएसम्म छायाङ्कन गरिने छ ।

## ३. औद्योगिक विकास

- स्थानीय उद्यमीहरुको क्षमता अभिवृद्धि तालिम संचालन गरिने छ ।
- स्थानीय समुदायमा व्यवसाय अभिमुखीकरण तालिम संचालन गरिने छ ।
- कृषिजन्य उद्योगको लागि पकेट क्षेत्र अनुसारको कृषि उद्योगको विकास गरिने छ ।
- औधोगिक क्षेत्र विस्तारको लागि संभाव्यता अध्ययन गरिने छ ।
- उद्यमशीलताको लागि लघुउद्यमी विकास तथा सहयोग अनुदान कार्यक्रम संचालन गरिने छ ।

- उपलब्ध कच्चा पदार्थ (कृषिमा) आधारित उद्योग स्थापना र संचालन गरिने छ ।

## ख सामाजिक विकास

### १. शिक्षा

- प्रत्येक विद्यालयमा भौतिक सुविधा विस्तार (कक्षाकोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला र बाहिरी वातावरण) कार्यक्रम संचालन गरिने छ ।
- विद्यार्थीको उपस्थिति, आवश्यकता र औचित्यका आधारमा अनावश्यक स्थानमा रहेका विद्यालयहरुलाई गाभिएको तथा उक्त विद्यालयहरुको व्यवस्थापकीय क्षेत्रमा ध्यान दिईनेछ ।
- शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान र वितरण गर्ने कार्यलाई आवश्यकताका आधारमा निरन्तरता दिदै लगिनेछ ।
- शिक्षक शिक्षिकाहरुलाई पुनर्ताजगी तालिम प्रदान गरिने छ ।
- प्रत्येक विधालयमा विधुतिय हाजीरीका ब्यवस्था मिलाइने छ ।
- लक्षित समूहका वालवालिकाहरुको Retention Rate वृद्धिका लागि छात्रवृत्ति सहयोगलाई निरन्तरता दिइने छ ।
- सामुदायिक सिकाई केन्द्रको क्षमता वृद्धि गरी प्रभावकारी रुपमा संचालन गर्न पहल गरिने छ ।
- यस गाउँपालिकामा रहेका माध्यमिक विद्यालयहरु मध्ये एस इ इ मा सवैभन्दा वढी अङ्क ल्याउने विद्यार्थी र विद्यालयलाई पुरष्कृत गर्ने तथा वढी अङ्क ल्याउन सफल प्रत्येक विषयगत शिक्षकलाई पुरष्कृत गरिने छ ।
- पुरष्कार र दण्ड प्रणालीलाई कडाईका साथ लागू गरिने छ ।
- हरेक विषयगत शिक्षक तथा प्रधानाध्यापकसंग कार्य सम्पादन सम्झौता गरी शैक्षिक गुणस्तर विकासमा पहल गरिने छ ।
- आवश्यकताका आधारमा प्राविधिक शिक्षालयहरु स्थापना गरिने छ ।
- नेपाल सरकारको विद्यालय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा विस्तार गर्ने नीति वमोजिम यस गाउँपालिका वडा नं १ स्थित बुधवारेको शारदा माध्यमिक विद्यालय छनौट भएको तथा उक्त वद्यालयको व्यवस्थापकीय पक्षमा सहयोग गरिने छ ।
- शैक्षिक गुणस्तर अभिवृध्दिका लागि बाल विकास कक्षा र के.जी. कक्षा अवश्यकताका आधारमा अमुमति प्रदान गरिनेछ ।
- आधारभूत तह र कक्षा ३ र ५ को वार्षिक परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन गाउँपालिका स्तरीय परीक्षा गरिनेछ ।
- ५-१२ वर्ष उमेर समूहका बालवालिका विद्यालय वाहिर नरहने सुनिश्चित गरिनेछ ।
- विद्यार्थी नियमितता बढाउन विद्यालय खाजा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्र अभिभावक नभएका वालवालिकाहरुको संरक्षण गरिने छ ।
- विद्यालय अनुगमन, नियमन तथा निरीक्षण कार्यलाई प्रभावकारी बनाई सोको अभिलेख व्यवस्थापन समेत गरिनेछ ।
- विद्यालयका कर्मचारी, सहयोगी कार्यकर्ताहरूलाई पोषाक भत्ता प्रदान गरिनेछ ।

- सम्पूर्ण विद्यालयहरूलाई बालमैत्री विद्यालयको रूपमा विकास गरिनेछ ।
- कम्तिमा आगामि ३ वर्ष विद्यालयको सिकाइ उपलब्धी ५ प्रतिशतका दरले वृध्दि गरिनेछ ।
- आवश्यकताका आधारमा केहि विद्यालयहरुमा सिकाई सम्वन्धि भित्ते लेखन गरिने छ ।
- परीक्षा तथा मूल्याङ्कन प्रणालीलाई एकरुपता प्रदान गरिनेछ ।
- विज्ञान तथा होटेल म्यानेजमेन्ट विषयमा कक्षा ११ र १२ मा पढ्ने विद्यार्थीहरूलाई छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- भाषा शिक्षकलाई प्रोत्साहन स्वरुप उचित पुरस्कार दिईने छ ।
- गुणस्तर शिक्षा विकासका लागि आवश्यकता अनुसार विद्यालय अनुदान कार्यक्रम सञ्चालन गरिने छ ।
- चौविसे गाउँपालिका भित्रका विषय शिक्षकहरूको नेटवर्क बनाइनेछ । साथै गोष्ठि तथा अभिमुखीकरण पुनर्ताजगी कार्यक्रम गरिनेछ ।

## २. स्वास्थ्य

- प्राथमिक स्वास्थ्य केन्द्रमा भौतिक पुर्वाधार र दक्ष स्वास्थ्यकर्मीको व्यवस्था गरिने छ ।
- सञ्चालनमा रहेका वर्थिङ सेन्टरहरुको आवश्यकताका आधारमा उचित व्यवस्थापन गरिदै लगिने छ
- गाउँपालिकामा रहेका क्षयरोगी पत्ता लगाउन विभिन्न कार्यक्रम र शिविरहरु संचालन गरिने छ ।
- गाउँपालिकामा पूर्ण खोपलाई निरन्तरता दिन छुट वञ्चाहरुको खोजि गरी खोप अभियान कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- स्वास्थ संस्थामा ल्याई सुत्केरी गराउनेको संख्यामा वृद्धि गर्न महिला स्वास्थ स्वयम सेविकाहरुलाई परिचालन गरी संस्थागत सुत्केरी अभियान संचालन गरिने छ ।
- परिवार नियोजन प्रयोग कर्ताको दरमा वृद्धि गर्ने विभिन्न किसिमका सचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ ।
- जेष्ठ नागरिक सम्मान तथा स्वास्थ्य उपचार प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।
- महिला स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।
- सरकारी स्वास्थ्य केन्द्रहरुमा उपलब्ध हुने सेवा सर्बसुलभ वनाइने छ
- महिला स्वयम सेविकाहरुको प्रोत्साहन भत्तालाई निरन्तरता दिइने छ ।
- प्रजनन् स्वास्थ अन्तर्गत गर्भवती महिला समुह टिका / झण्डा कार्यक्रम सञ्चालन गरिने छ ।
- प्रजनन् स्वास्थ अन्तर्गत गर्भवती महिलाहरुलाई अल्ट्रा साउण्ड सेवा उपलव्ध गराईने छ ।
- आमा शिक्षा स्वास्थ साक्षरता कार्यक्रम सञ्चालन गरिने छ ।
- विद्यालयमा स्वास्थ सम्वन्धि अनुशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।
- गाउँघर क्लीनिकलाई साप्ताहिक रुपमा सञ्चालन गर्ने व्यवस्था गर्दै लगिने छ ।

## ३ महिला, बालबालिका तथा लक्षित समूह

- लक्षित समूह साक्षरता विकास कार्यक्रम संचालन गरिने छ ।

- ६ वर्षका वालवालिकाहरुलाई विद्यालय नपठाउने अभिभावकहरुलाई गाउँपालिकावाट प्रदान हुने सेवा सुविधा रोकावट गरिने छ अपाङ्ग, अशक्त, बृद्ध/बृद्धा तथा बाल मैत्री सार्वजनिक निर्माणका संरचनाहरु निर्माण गरिने छ ।
- गाउँपालिका भित्रका सांस्कृतिक पहिचान , झाँकि ,विविधता युक्त विशेष परम्परा ,भेषभूषा प्रचलनको खोजी र पहिचान गरी त्यसको अभिलेखिकरण तयार गरी संरक्षण र विकासको नीति वनाइने छ ।
- महिला बालबालिका आदिवासी जनजाती, दलित,ज्येष्ठ नागरिक (लक्षित वर्ग) को विकास र उन्नतिको कार्यक्रमलाई उद्देश्यमुलक , पारदर्शी तथा उपलब्धिमुलक वनाई कार्यक्रम तयार गर्ने नीति लिईने छ ।
- विभिन्न कारणले राज्यवाट पछाडि पारिएको वर्ग समुदायलाई विकासको मुल धारमा ल्याउन क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।
- सचेतनामूलक कार्यक्रहरु (सडक नाटक, होर्डिङबोर्ड, पर्चा पम्प्लेट, अन्तरक्रिया, गोष्ठी, श्रव्य दृश्य, कार्यक्रम आदि) संचालन गरिने छ ।
- सीपमुलक तथा आयमुलक तालिम प्रदान गरिने छ ।
- सहकारीको अवधारणा तथा संस्थागत क्षमता विकासलाई प्रोत्साहन गरिने छ ।
- विद्यालयहरुमा यौन शिक्षा सम्वन्धि अनुशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।
- एक घर एक सहकारी सदस्यको अवधारणा ल्याईने छ साथै उक्त सहकारीहररुलाई विभिन्न सरकारी तथा दातृ निकायहरुवाट अनुदान माग गरी नागरिकको जिविकोपार्जनमा टेवा पुर्याईने छ ।
- टोल सुधार समिति गठन गरी व्यवस्थापनमा सहयोग गर्ने तथा उक्त टोल विकासलाई जिम्मेवार वनाईने छ

## ४ खानेपानी तथा सरसफाई

- Rural Water Supply Master Plan निर्माण गरिने छ
- खानेपानिको उपयुक्त श्रोत पत्ता लगाएर अध्ययन गरिने छ
- पानीको श्रोतको वरिपरि भएको रुख विरुवा संरक्षण गरिने छ ।
- पानीको श्रोत वढाउनका लागि सो वरिपरि पोखरीहरु निर्माण गर्ने नीति अवलम्वन गरिने छ ।
- भूमिगत खानेपानी आयोजनाको संभाव्यता अध्ययन गरिने छ ।
- प्रदेश सरकार र सरोकारवाला निकायहरुसंग छलफल तथा समन्वय गरी खानेपानीको समस्याको दिर्घकालिन समाधानका लागि वहुवर्षीय योजना वनाई क्रमागत वजेटको व्यवस्था गर्दै लगिने छ ।

## ५.खेलकुद तथा कला संस्कृती

- रंगशाला निर्माणका लागि पहल गरी स्तरीय खेल प्रशिक्षण केन्द्रको पूर्वाधार निर्माण गर्न सुरु गरिने छ ।

- वडा स्तरीय चौविसे कप खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।
- एक वडा एक खेलमैदान निर्माण कार्यलाई निरन्तरता दिईने छ ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप व्यवस्थित गर्दै लगिने छ ।
- स्थानीय संघ संस्था र क्लबहरुलाई खेलकुद प्रवर्द्धनमा सहयोग गरिने छ ।
- चौविसे खेलकुद एकेडेमीको स्थापना गरिने छ ।
- विभिन्न खेलको रेफ्री उत्पादनका लागि आवश्यक व्यवस्था गरिने छ ।
- गाउँपालिका भित्र कला संस्कृतीको संरक्षण तथा प्रवर्दन गरिने छ

## ग पूर्वाधार विकास

### १ सडक पूर्बाधार

- प्राथमिकता प्राप्त सडकहरुलाई ग्राभेल तथा स्तरोन्नती गर्दै लगिनेछ ।
- नयाँ तथा पुराना सडकहरुमा अनिवार्य रुपमा Drain वनाईने छ ।
- सडकको छेउछेउमा फलफूलको विरुवा रोप्ने नीति लिईने छ ।
- आवश्यकता र औचित्यका आधारमा आयोजनाहरुलाई प्राथमिकता निर्धारण गरी कार्य गरिने छ ।
- मुख्य सडकका चौक र बजारलाई व्यवस्थित गरिने छ ।
- गाउँपालिका तथा मुख्य आवास/बजार क्षेत्रमा भवन निर्माण संहिता कार्यान्वयन गरिने छ ।
- सडक निर्माण गर्दा वायो ईन्जिनियरिङ पद्दती अपनाइने छ ।
- नमुना वस्ती विकासका लागि प्रदेश सरकारसंग समन्वय गरी कार्य अघि वढाईने छ ।
- ग्रामिण सडक ढल संरक्षण तथा मर्मतको लागि वडा स्तरीय संरक्षण समिति वनाई स्वयम् सेवा कार्यमा नागरिकलाई प्रेरित गर्ने नीति अवलम्वन गरिने छ ।

### २. ढल व्यवस्थापन सिचाई

- बजार क्षेत्रको नाली व्यवस्थित गर्न ढल व्यवस्थापन योजना निर्माण गरिने छ ।
- प्रत्येक विद्यालयमा वाल मैत्री तथा छात्रा मैत्री शौचालय निर्माण गरिने छ ।
- माग र आवश्यकताका आधारमा स साना सिंचाई आयोजनाहरु निर्माण गरिने छ ।
- स्थानीय कुलोहरुको मर्मत संभार गरिने छ ।

### ३. विद्युत तथा संचार

- गाउँपालिकामा विद्युतीकरणको कार्य पुरा गर्न नेपाल विद्युत प्राधीकरणसंग आवश्यक समन्वय गरिने छ ।
- विद्युतीकरण नपुगेका वस्तीहरुमा वैकल्पिक उर्जाको व्वस्था मिलाईने छ ।

- ग्रामिण क्षेत्र भित्र विद्युतीकरणका लागि नेपाल विद्युत प्राधीकरण संग समन्वय गरी पोल वितरण गर्ने तथा भएका काठको पोललाई विस्थापित गरी नया पोल राख्ने नीति लिईने छ ।
- नेपाल विद्युत प्राधीकरण संग समन्वय गरी कृषि विद्युतीकरण गरिने छ ।
- मुख्य बजार केन्द्र र वस्तीहरुमा सडक वत्तीको व्यवस्था गर्ने कार्यका लागि सम्वन्धित निकाय संग समन्वय गरिने छ ।
- कार्यालयको सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोगलाई प्रभावकारी वनाईने छ ।
- स्थानीय पत्रकारहरुको क्षमता विकासका लागि सहयोग गरिने छ ।

## घ वन वातावरण तथा विपद व्यवस्थापन

### १. वन तथा वातावरण संरक्षण तथा सरसफाई

- एक घर ५ विरुवाको नीति लिईने छ ।
- पूर्वाधार विकासमा वातावरण मैत्री अवधारणा लागू गरिने छ ।
- सार्वजनिक स्थलमा फोहोर विसर्जन कार्य निषेध गरी आफ्नो घर , कार्यालय संस्था छेउ फोहोर सफा राख्नु पर्ने दायित्व वोध गराउन आवश्यक नीति नियम , विनियम द्वारा नियन्त्रण गर्ने चेतना मुलक र प्रजातान्त्रीक प्रक्रिया अवलम्वन गरिने छ । सभ्य सुन्दर गाउँ निर्माणका लागी आवश्यक नीति योजना कार्यक्रम तय गरी कार्यन्वयन गरिने छ ।
- सार्वजनिक जग्गाहरुको खोजि तथा तथा उचित व्यवस्थापन गरिने छ ।
- गाउँपालिकाले फोहोर मैला नियमित संकलन गर्ने व्यवस्था मिलाईने छ ।
- फोहोर व्यवस्थापनमा जन परिचालन गर्न सचेतना अभिवृद्धि गरिने छ ।
- गाउँपालिकाको मुख्य बजार र चौकहरुको डस्टबिनको व्यवस्था गरिने छ ।
- फोहोर स्रोतमा नै न्यूनीकरण गर्न जनतेचना कार्यक्रम संचालन गरिने छ साथै ल्याण्डफिल्ड साईटको व्यवस्था गर्ने कार्यलाई अगाडि वढाईने छ ।
- विद्यालयमा वातावरणीय सचेतना कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिका र मुख्य मुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालयको निर्माण गरिने छ ।
- वन संरक्षण गर्न वृक्षारोपण तथा जलवायु अनुकुलन कार्यक्रम संचालन गरिने छ ।
- सामुदायिक वन उपभोक्ता समूहहरुलाई क्रियाशिल वनाइने छ ।
- सामुदायिक वनलाई पर्यटकीय रुपमा विकास गर्दै लगिने छ ।
- सामुदायिक वनको स्वामित्व क्षेत्र भित्र रहेका जग्गा अतिक्रमणलाई रोक्न सम्वन्धित निकायसंग आवश्यक समन्वय गरी पहल गरिने छ ।

### २. बिपद व्ययस्थापन

- बाढी पहिरो क्षेत्रहरुमा बृक्षारोपण गरिने छ ।
- निजी, सामुदायिक तथा गैससलाई सहभागी गराइने छ ।

- समुदाय तथा लक्षित समूहहरुलाई जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।
- सबै विद्यालयमा विपत जोखिम न्यूनीकरण र व्यवस्थापनको सचेतना तालिम सञ्चालन गरिने छ ।
- भवन निर्माण संहिता र निर्माण तथा योजना मापदण्ड कडाईका साथ लागू गरिने छ ।
- जोखिममा परेका व्यक्तिहरुलाई यथाशिघ्र राहत वितरण गरिने छ ।

## ङ संस्थागत विकास योजना

### १. सेवा प्रवाह

- स्थानीय तहबाट प्रदान गरिने दैनिक प्रशासनिक काम सेवाहरु चुस्त, छिटो छरितो गरि मुस्कान सहितको सेवा उपलव्ध प्रदान गरिनेछ ।
- अनुगमन तथा सुपरीबेक्षण, समिक्षा गोष्ठी, सार्बजनिक सुनुवाई, सार्बजनिक लेखा परीक्षण, प्रभाव मूल्याङ्कनमा जवाफदेहिता, पारदर्शिता प्रवर्द्धन गरी नागरिक प्रति उत्तरदायी वनाइने छ ।
- कर्मचारीलाई आबश्यक तालिम दिई अझ बढी सक्षम, योग्य र सवल बनाइनेछ ।
- नागरिक सन्तुष्टि सर्वेक्षण गरी यसको नतिजाको आधारता संस्थागत सुदृढीकरण गरिने छ ।
- गाउँपालिकामा रहेका कार्यालयहरुबीच आपसी समन्वय स्थापित गरिने छ ।
- कार्यालयमा Internet Governance System लाई अझ प्रभावकारी वनाईने छ ।
- गाउँपालिकामा मोवाईल एप्स निर्माण गरी गाउँवासीहरुलाई सहज सेवा सुविधा र सूचना प्राप्त गर्ने वातावरण निर्माण गरिने छ ।
- यस गाउँपालिकावाट नियुक्ति भएका कर्मचारीको सेवा सुविधामा यस चालु आ.व. मा थप गरिने छैन ।

### २. आन्तरिक राजश्व परिचालन

- घर बहाल करको लगत तयार गरिने छ ।
- घर नक्सापास व्यवस्थित गरिने छ ।
- सम्पती कर कार्यान्वयन गरिने छ ।
- IEE गरी नदीजन्य सामग्रीहरुको उत्खनन् गरी कर लगाईने छ
- वजार व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गराइ राजश्व वृद्धि गरिने छ ।
- वडा कार्यालयका राजश्व प्रशासन तथा आर्थक प्रशासनका कामहरुलाई अनिवार्य रुपमा कम्प्युटरकृत गर्ने कार्यलाई निरन्तरता दिईने छ । गाउँपालिकामा भएका उद्योग, व्यवसायिक फर्म तथा आर्थिक कारोवार गर्ने निकायहरु पहिचान गरी करको दायरामा ल्याईने छ ।
- करका दायरा फराकिलो वनाउदै प्रगतिशिल कर नीति अवलम्वन गरिने छ ।

**आदरणीय गाउँसभा** अध्यक्षज्यू तथा **सदस्यज्यूहरु ,**

अव म यस बर्षको लागि प्रस्ताव गरेको आय व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु ।
आगामी आर्थिक वर्ष २०७६/०७७ को लागी चौविसे गाउँपालिकाको अनुमानित आय तर्फ,

नेपाल सरकारबाट वित्तिय समानीकरण अनुदान मार्फत ८ करोड ३८ लाख, राजश्व वाँडफाँडवाट ६ करोड ७१ लाख तथा प्रदेश सरकारको वित्तिय समानीकरण अनुदान मार्फत ६९ लाख ६९ हजार र राजश्व वाँडफाँडवाट ५३ लाख २२ हजार र शिक्षा तथा स्वास्थ्य आदि विषयगत कार्यालयहरुका लागी सशर्त अनुदान तर्फ १७ करोड ७१ लाख रकम प्राप्त भएको ब्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु । त्यस्तै आन्तरीक राजश्व तर्फ ४५ लाख तथा संचित कोषमा रहेको रकम रु २ करोड गरी जम्मा रु ३६ करोड ४७ लाख ९१ हजार वजेट आय तर्फ अनुमान गरेको छु।

त्यस्तै व्यय तर्फ,

व्यय चालु खर्च तर्फ ९ करोड ६२ लाख ९१ हजार र पुँजीगत खर्च तर्फ ९ करोड १४ लाख र सशर्त अनुदान तर्फ १७ करोड ७१ लाख गरी जम्मा रु ३६ करोड ४७ लाख ९१ हजार हुने अनुमान गरिएको छ ।

जस मध्ये विकास तर्फ पुँजिगत खर्चको लागी कुल आय को करिव ४९.% (रु ९ करोड १४ लाख ) विनियोजन गरिए छ भने चालु खर्च तर्फ कुल आय को करिव ५१.% ९ करोड ६२ लाख ९१ हजार विनियोजन गरिएको कुरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहान्छु ।

**आदरणीय उपस्थित गाउँसभा** अध्यक्षज्यू तथा **सदस्यज्यूहरु ,**

अव म यस गाउपालिकाका मुख्य प्राथमिकताका विषयहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु

**मुख्य प्राथमिकता दिएका केही विषयहरुः-**

- यस गाउँपालिकाको ठुला पूर्वाधार सार्वजनिक निर्माणका लागि ३ करोड ५४ लाख विनियोजन प्रस्ताव गरेको छु साथै प्रत्येक वडावाट समेत ठूला योजनाहरु समावेश गरेको छु ।
- वडागत योजना सञ्चालनका लागि २ करोड ४० लाख विनियोजन गरेको छु ।
- गाउँपालिका भित्रको शैक्षिक सुधार का लागि १ करोड २० लाख ९० हजार वजेट विनियोजन गरेको छु ।
- कृषि तथा पशु क्षेत्रको विकासका लागि रु ७५ लाख विनियोजन गरेको छु
- स्वास्थ क्षेत्रको विकासका लागि रु ५६ लाख ४४ हजार विनियोजन गरेको छु

- गाउँपालिका भित्रका सानातिना विकास निर्माण तथा मर्मत संभार , आपतकालिन खर्च गर्न कोष खडा गरी खर्च गर्ने गरी रु ३० लाख विनियोजन गरेको छु ।
- गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागी ९६ लाख विनियोजन गरेको छु ।
- भैपरि आउने पूजीगत वजेट / साझेदारी कोष (Matching Fund) को लागी १ करोड १० लाख विनियोजन गरेको छु।
- सामाजिक विकास (लक्षित वर्ग ) का कार्यक्रमलाई ब्यबस्थीत र पारदर्शी वनाउन आबश्यक सीप , तालिम कार्यक्रमका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
- युवाहरुको खेलकुद तथा सांस्कृतिक विकासका लागी २५ लाख वजेट विनियोजन गरेको छु ।

**गाउँसभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु ,**

योजनाको तर्जुमा जस्तै यसको कार्यान्वयन पनि महत्वपूर्ण पक्ष हो । हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रमहरु सम्पादन गर्न हाम्रो सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा गाउँपालिकाको विकासमा प्रभावकारी भूमिका खेल्ने सरकारी निकायहरु, निजी क्षेत्र लगायत, गैर सरकारी संघ संस्थाहरु तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै मञ्चबाट हार्दिक अनुरोध गर्न चाहन्छु ।

आज प्रस्तुत वजेट गाउँ सभाले स्वीकृत गर्ना साथ अविलम्ब यस चौविसे गाउँपालिकाको वेव पेजमा अपलोड गरिने व्यहोरा निवेदन गर्दछु । योजना तर्जूमा आफैमा महत्वपूर्ण त हो नै तर यसको कार्यान्वयन हुन सकेन भने अपेक्षित प्रभाब छाड्न सक्दैन । अतः प्रस्तुत बजेट कार्यान्वयनमा सबै क्षेत्र र तहको पूर्ण सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा, प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्याउनु हुने गाउँकार्यपालिकाका सदस्यज्यूहरु, विषय क्षेत्रगत समितिका पदाधिकारीहरु, वजेट नीति तथा कार्यक्रम तर्जुमा समितिका संयोजकज्यू, कर्मचारी साथिहरु एवं सम्पूर्ण गाउँवासी दाजुभाई तथा दिदिवहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

## धन्यवाद